२४

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, असोज १७ गते २०४० साल (संख्या २५

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

सामयिककर असूल ऐन, (संशोधन सहित) २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मिति २०४०।६।१७ गतेदेखि देहाय बमोजिम-का नगर पञ्चायतहरूमा देहाय बमोजिम घर निर्माणकर लगाउने र असूल उपर गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरेको छ।

#### घर निर्माणकर

१. नगर पञ्चायतक्षेत्रमा घर बनाउन सम्बन्धित नगर पञ्चायतमा नक्शा पास गराउँदा सो नक्शा बमोजिम नयाँ निर्माण हुने देहाय बमोजिमका पक्की घरमा देहायका दरले घर निर्माणकर लगाई असूल उपर गरिनेछ। नक्शा पास गर्ने सम्बन्धित नगर पञ्चायतले घर निर्माणकर असूल गरी श्री ५ को सरकारको सर्वसञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

| घरको किसिम | करको दर (प्रति वर्ग फूट) |
|---|---|
| क. माटोको जोडाइमा गारो बनाई झिंगटी, टायल आसवेस्टस वा जस्ताको छाना हालेको— | रु. -।५० |

३०३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ख. माटोको जोडाइमा गारो बनाई आर. बी. सी. वा आर. सी. सी. गरी कुनै छाना हालेको– रू. ११५०

ग. सिमेण्टको जोडाइमा गारो बनाई आर. बी. सी. वा आर. सी. सी. गरी कुनै छाना हालेको– रू. २।–

२. घर निर्माणकर देहायका नगर पञ्चायतक्षेत्रमा मात्र लाग्नेछः–

(१) काठमाडौं
(२) भक्तपुर
(३) ललितपुर
(४) वीरगञ्ज
(५) हेटौंडा
(६) भरतपुर
(७) जनकपुरधाम
(८) राजविराज
(९) विराटनगर
(१०) धरान
(११) पोखरा
(१२) बुटवल
(१३) भैरहवा (सिद्धार्थनगर)
(१४) नेपालगञ्ज

३. श्री ५ को सरकारले तोकेको कुनै सार्वजनिक संस्था वा औद्योगिक प्रतिष्ठानको भवन निर्माणमा घर निर्माणकर लाग्नेछैन ।

आज्ञाले,
हिर्तसिंह श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।